बुलिङटार गाउँपालिका

# स्थानिय राजपत्र

खण्डः ३ संख्याः १ मितिः २०८०/०२/२३

**भाग-२**

## बुलिङटार गाउँपालिका

# कृषि प्रवर्द्धन सम्बन्धी कार्यविधि-२०७९

**प्रमाणिकरण मितिः २०७९।०६।३०**

संघीय सरकार बाट आ.व.२०७९/८० मा कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि प्रदान गरिएको विशेष अनुदान कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित,पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले, बुलिङटार गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमन गर्न बनेको स्थानिय सरकार सञ्चालन ऐन २०७४को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी बुलिङटार गाँउ कार्यपालिकाको वैठकले यो कृषि प्रवर्द्धन सम्बन्धी कार्यविधि स्वीकृत गरेको छ ।

# परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “कृषि प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७९” रहने छ ।

(२) यो कार्यविधि गाँउ कार्यपालिकाको वैठकले स्वीकृत गरे पछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**(क)**"अनुदान" भन्नाले नेपाल सरकार/स्थानिय सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिमकृषिक्षेत्रको उत्पादन,प्रशोधन,मूल्य अभिवद्धि, बजारीकरण,पूर्वाधार निर्माण,यान्त्रिकीकरण,विविधिकरण,व्यवसायीकरण,आधुनिकीकरण तथा गरिवी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक,वस्तुगत सहायता,पूर्वाधार विकास वा उपलब्ध गराइने कृषि सामग्री र उपकरण सम्झनुपर्छ।

**(ख)**"अनुदानग्राही" भन्नाले यस कार्यबविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी,कृषक समुह,कृषि सम्बन्धी सहकारी,कृषिसँग सम्बन्धित समिति र व्यवसायीहरुलाई सम्झनु पर्छ।

**(ग)** "कृषि" शब्दले बाली,बागवानी,ब्यवसायिक कीट आदिका उप-क्षेत्रसंग सम्बन्धित उत्पादन,प्रशोधन उद्योग एवं व्यवसायलाइ सम्झनुपर्छ।

**(घ)**"कृषि सामग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल,बीउ,बेर्ना,बिरुवा,विषादी,जैविक पदार्थ तथा हार्मोन,कृषि चुन तथा रसायन, पोषक तथा शुक्ष्म तत्व,कृषि औजार, उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुलाई समेत सम्झनुपर्छ।

**(ङ)**"सार्वजनिक पूर्वाधार" भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने बजार पूर्वाधार, तटबन्ध तथा बाँध निर्माण, सिचाईका पूर्वाधारहरु लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धि पूर्वाधारहरुलाई सम्झनुपर्छ।

**(च)**"सामुदायिक पूर्वाधार" भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने सिंचाई पूर्वाधार, उत्पादन तथा प्रशोधन पूर्वाधार,कृषि बजार पूर्वाधर लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्बन्धि पूर्वाधारहरुलाई सम्झनुपर्छ।

**(छ)**" विशेष अनुदान" भन्नाले संघीय सरकार, बाट विशेष वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा गएका कृषि सम्वन्धि कार्यक्रमहरुलाई सम्झनुपर्छ।

**(ज)** "निजी पूर्वाधार" भन्नाले कृषक वा फार्म वा कम्पनीबाट निर्माण हुने साना सिंचाई,नर्सरी स्थापना, संरक्षित संरचना जस्ता उत्पादन,प्रशोधन तथा बजार सम्वन्धि विभिन्ननिजि प्रयोजनका पूर्वाधारहरुलाई सम्झनुपर्छ।

**(झ)** "निर्देशक समिति" भन्नाले अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि दफा ६ बमोजिमको समिति सम्झनुपर्छ।

**(ञ)** "समन्वय तथा अनुगमन समिति" भन्नाले अनुदान प्रवाहकार्यलाई अनुगमन र सञ्चालन प्रक्रियामा सहजीकरण गर्नका लागि दफा ७ बमोजिमको समिति सम्झनुपर्छ।

**(ट)** "लक्षित वर्ग" भन्नाले कृषक,कृषि उद्यमी/उद्योगी,कृषक समुह,कृषि सम्बन्धी सहकारी,कृषिसँग सम्बन्धित समितिका सदस्यलाई सम्झनु पर्छ।

**(ठ)**"गाउँपालिका" भन्नाले बुलिङटार गाउँपालिकालाई सम्झनु पर्छ ।

**(ड)**"अध्यक्ष" भन्नाले बुलिङटार गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्छ ।

**(ढ)**"उपाध्यक्ष" भन्नाले बुलिङटार गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

**(ण)**"कार्यपालिका" भन्नाले बुलिङटार गाउँपालिकाको गाँउ कार्यपालिका विषय क्षेत्रगत समिति अन्तर्गतकोआर्थिक विकास समितिलाई सम्झनु पर्छ ।

**(त)**"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुलिङटार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजको काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

**(थ)** "वडा" भन्नाले बुलिङटार गाउँपालिकाको सबै वडाहरुलाई सम्झनु पर्छ ।

**३. उद्देश्यः** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको उद्देश्यहरु देहाय बमोजिम हुनेछनः

(क) विशेष कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरी एकरुपता कायम गर्ने।

(ख) विशेष कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरुलाई सुसूचित गर्ने।

(ग) विशेष कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन एवं प्रगति प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउने।

## परिच्छेद २

## व्यवस्थापकीय पक्ष

**४.अनुदान उपलब्ध गराउन सकिनेः** स्थानीय तहले स्वीकृत विशेष कार्यक्रम बमोजिम यस कार्यविधिको परिच्छेद-३ मा उल्लेखित कार्यक्रमहरुको उद्देश्य,प्रमुख क्रियाकलापहरु र न्यूनतमशर्त/मापदण्ड/प्रासङ्गिक बिषय अनुसार प्रसार सेवा, क्षमता अभिवृद्धि,सीमान्त कृषक सम्बन्धी कार्यक्रम तथा  आवश्यकता अनुसार व्यवसाय प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न र अनुदान उपलब्ध गराउन सक्नेछ।

**५. अनुदान रकमको सीमा र प्रतिशतः**स्थानीय तहले विशेष अनुदान कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कृषि विकास कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजीम हुनेछः

(क) कृषक समूह वा कृषि सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु वा उद्यमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि प्रर्वाधारहरु (सामुदायिक कृषि पूर्वाधार) को हकमा अधिकतम ९०% हुनेछ।

(ख) निजी एवं व्यक्तिगत प्रयोजनका कृषि पूर्वाधारहरु (निजी कृषि पूर्वाधार) को हकमा अधिकतम ५०% हुनेछ।

(ग) प्रविधि प्रसार, जैविक विषादी उत्पादन प्रयोग प्रदर्शन तथा वितरण कार्यक्रम,मेला, महोत्सव, दिवस, अवलोकन भ्रमण,प्रदर्शनी, प्लान्ट कल्निक, आइ.पि.एम. पाठशाला, तालिम,मिनि किट,प्राविधिक सेवा,तथ्याङ्क संकलन तथा पुस्तिका प्रकाशन,माटो परिक्षण लगायत सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ।

(घ) कृषि सामग्री जस्तै कृषि उत्पादनमा प्रयोग हुने मल,बीउ,बेर्ना,बिरुवा,विषादी,जैविक पदार्थ तथा हार्मोन,कृषि चुन तथा रसायन, पोषक तथा शुक्ष्म तत्व,लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुहरुको हकमा अधिकतम ७५% हुनेछ।

(ङ) साना कृषि मेशिनरी औजार जस्तै मिनि टिलर (अधिकतम ९ एच.पि. सम्म), पावर टिलर (अधिकतम २० एच.पी.सम्म),विडर,मिनि हार्भेष्टर,मिनि थ्रेसर,स्प्रेयर,सिड ट्रिटमेन्ट ड्रम , सिड कम फर्टिलाईजर ड्रिल, सिड ड्रिल, सिडलर/पलान्टर, जिरो टिल,सिड ड्रिल, रिजर/वण्ड फर्मर, मेज प्लान्टर,मेज हार्भेष्टर, लगायतका मेशिन/सामाग्रीहरु सामुहिक प्रयोजनका लागि अधिकतम ७५% र निजी प्रयोजनका लागि अधिकतम ५०% हुनेछ।

(च) दफा (क), (ख), (ग), (घ) र (ङ)मा उल्लेख भएको सिमा भित्र रही सोमा अधिकतम लागत व्यहोर्ने गरी पेश भएका प्रस्तावलाई प्राथमिकता दिनपर्नेछ।

**६. निर्देशक समितिः(क)**स्थानीय तह मार्फत विशेष कार्यक्रम सञ्चालन तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

| | |
|---|---|
| १) बुलिङटार गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २) बुलिङटार गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ४)प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ५) पशुपन्छी विकास शाखा | सदस्य |
| ६) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

**(ख)** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) विशेष कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने,

(२) विशेष कार्यक्रम कार्यान्वयनको समीक्षा तथा मल्याङ्कन गर्ने,

(३) विशेष कार्यक्रम सञ्चालनका सम्बन्धमा आइपरेका समस्याहरुको सम्वोधन तथा समाधानमा सहजीकरण गर्ने,

(४) कार्यविधिमा आवश्यक संसोधनका लागि सिफारिस गर्ने,

(५) यस कार्यविधि अनुसार गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्ने तथा गराउने।

**७. समन्वय तथा अनुगमन समितिः(क)** स्थानीय तह मार्फत विशेष कार्यक्रम सञ्चालन तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक समन्वय तथा अनुगमन समिति रहनेछः

| | |
|---|---|
| १ बुलिङटार गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २)प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

३) आर्थिक शाखा  प्रमुख                                                                                    सदस्य

४)कृषि शाखा प्रमुख                                                                                           सदस्य

५) पशुपन्छी शाखा                                                                                               सदस्य

६)वडा कृषि प्रविधिक                                                                                         सदस्य सचिव

**(ख)**समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) यस कार्यविधि बमोजिम वितरण भएको अनुदान रकमको जानकारी गाउँसभा समक्ष पेश गर्ने,

(२) कार्यक्रम सञ्चालन क्षेत्रको स्थलगत निरिक्षण गर्ने,

**८. माग सङ्कलनः (क)** यस कार्यविधि बमोजिमका विशेष कार्यक्रमका सहभागी हुन लक्षित वर्गबाट माग सङ्कलन गर्न नियमानुसार समयमै अनुसूची-८ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ।

**(ख)** कार्यविधिको परिच्छेद-३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड आधारभुत प्रासाङ्गिक पक्ष पुरा गर्ने गरी ईच्छुक निवेदकले अनुसूची-१ बमोजिम आवेदन पेश गर्नुपर्नेछ।

**९. लाभग्राही छनौटः** अनुसूची-३ र अनुसूची-४ मा उल्लेख भएको मूल्याङ्कन मापदणड पुरा गरेका निजी कृषि फर्म/ कृषक समुह/ कृषि सहकारी संस्थाहरुलाई छनौट गर्न सकिने छ र सो को अधिकार परिच्छेद-२ को दफा ६(क) अनुसार बनेको निर्देशक समितिलाई हुनेछ।

**१०. अनुदान प्रवाहः (क)**विशेष कार्यक्रम अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा अनुदानग्राहिलाई प्रदान गरिने सेवा सुविधा परिच्छेद-२ को दफा ५ अनुसार हुनेछ।

**(ख)** परिच्छेद ३मा उल्लेख भए वमोजिमको अनुदान प्रदान गर्नका लागि प्रत्येक वडामा कम्तिमा एउटा कृषि तथा पशुपालन समूह ,कृषि उद्यमी,कृषि-बहुउद्देश्यीय सहकारीको छनोट गरिने छ । यस अघि यस्ता सहकारी सम्बन्धित वडामा कार्यक्षेत्र बनाएर काम नगरेको  भए सो को हकमा नयाँ सहकारी गठन तथा प्रोत्साहन गरिनेछ तर यस्तो सहकारी नभएको हकमा साविक जिल्ला कृषि विकास कार्यालयमा दर्ता भई क्रियाशिल रहेका कृषक समूह जुन स्थानीय तहमा सूचिकृत भएका छन भने यस्ता समूह मार्फत पनि अनुदान कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**(ग)** कृषक,कृषि फर्म,कृषि समूह वा सहकारी संस्थाले कृषि शाखासंग समन्वय गरी हाते  ट्रयाक्टर, पावर टिलर, थोपा सिंचाई प्रणालीका लागि औजार उपकरण र साना सिंचाई, कुलो मर्मत, पाईप ,ड्रम विक्रि वितरण रेकर्ड अनुसुची २ बमोजिम राख्नु पर्दछ ।

**(घ)** अनुदान रकम सिफरिस गर्दा सहकारी सिफारिस पत्र र अनुसुची २ प्रमाणित गरि बुलिङटार गाउँपालिकामा पठाउनु पर्नेछ । यसरी पठाउदा सम्वन्धित वडा सिफारिस अनिवार्य हुनु पर्दछ ।

**(ङ)** समूह वा सहकारीबाट फर्जि काम भएको भन्ने थाहा भएमा त्यस्ता समूह वा सहकारी लाई प्रचलित कानुन बमोजिम कारबाही गरिने छ ।

**(च)** अनुदानमा आधारित कार्यक्रमा सञ्चालन (सिफारिसको अधिकार प्राप्त गर्न) का लागि सूचीकृत हुन निम्ना प्रक्रिया तथा कागजातहरु पुरा गरेका वा पेश गरेको हुनु पर्नेछ । साथै अनुसुची १ वमोजिमको निवेदन दर्ता गर्नु पर्नेछ ।

**आवश्यक कागजातहरु**

१) प्रस्तावकको निवेदन

२) कार्यक्रम सञ्चालनको लागि तोकिएको ढाचाँमा प्रस्तावना।

३) स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि ।

४) गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

५) समुह/सहकारी/कृषि फर्मको नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि ।

६)समुह/सहकारी/समितिको हकमा प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

७) प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

८) कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नको लागि कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि।

९) सम्वन्धित वडा कार्यलयको कार्यक्रम दोहोरो नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोराको सिफारिस पत्र ।

**(छ)**यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी कृषि शाखाले अनुदानग्राहीसँग सम्झौता गर्नुपर्नेछ।

**(ज)** अनुसूची-६ अनुसार हुने सम्झौता बमोजिम आर्थिक शाखाले अनुदान भूक्तानी गर्नुपर्नेछ।

**(झ)** सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु पर्ने वा लगानी गर्नुपर्ने रकमको सुनिश्चितता गरी सो को कागजपत्र कृषि शाखामा पेश गर्नुपर्नेछ।

**(ञ)** अनुदानलाई कृषक मैत्री बनाउन माग भएको सामग्री र उपकरणको आधार, गुणस्तर र प्रति एकाई मूल्यको सूचना माग गरी कम्तिमा ३ आपूर्ति कर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप सबैभन्दा कम दर रेटका आधारमा अनुदान रकम निर्धारण गरिनेछ। अनुदानग्राहीले सूची सार्वजनिक गरिएका आपूर्तिकर्तामध्ये आफूले चाहेको ब्राण्डको आपूर्ति कर्ताबाट तोकेको मूल्य तिरी सामग्री वा उपकरण खरिद गर्न सक्ने छ। यसरी खरिद गरेको अवस्थामा पनि अनुदानको रकम भने सम्बन्धित कार्यालयले निर्धारण गरेको भन्दा बढी हुने छैन।

**११. अनुदानको भुक्तानीः (क)** नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैङ्क खातामा जम्मा हुने गरी भक्तानी गरिनेछ।

**(ख)** अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ। कार्यक्रमको प्रकृति अनुसार कृषि वा पशु प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गरिनेछ।

## परिच्छेद-३

## विशेष अनुदान हस्तान्तरित कार्यक्रमहरुः

**१.कृषि उपकरण वितरण कार्यक्रमः**

यसअन्तर्गत निजी फर्म, कृषक समूह र कृषि सहकारीहरुलाई उत्पादन, प्रशोधन र बजारीकरणमा उपयोग हुने साना कृषि मेशिनरी औजार जस्तै मिनि टिलर (अधिकतम ९ एच.पि. सम्म), पावर टिलर (अधिकतम २० एच.पी.सम्म),विडर,मिनि हार्भेष्टर,मिनि थ्रेसर,स्प्रेयर,सिड ट्रिटमेन्ट ड्रम, सिड कम फर्टिलाईजर ड्रिल, सिड ड्रिल, सिडलर/पलान्टर, जिरो टिल,सिड ड्रिल, रिजर/वण्ड फर्मर, मेज प्लान्टर,मेज हार्भेष्टर, पानी तान्ने मोटर लगायतका मेशिन/सामाग्रीहरु सामुहिक प्रयोजनका लागि अधिकतम ७५% र निजी प्रयोजनका लागि अधिकतम ५०% अनुदानमा वितरण गर्न सकिनेछ।

**२.विउ /विषादी वितरण कार्यक्रमः**यस अन्तर्गत धानबाली प्रवर्द्धनका लागि अनुसन्धानबाट सिफारिश एवं नेपालमा विकास भई उन्मोचन गरिएका मोटा/मसिना जातको धानको उन्नत बीउ अधिकतम ७५% अनुदानमा वितरण गर्न सकिनेछ।यसका साथैसमूहिक रुपमा तरकारी खेति गर्नका लागि विउ, मल तथा किटनाशक औषधीहरु अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउनसकिनेछ ।रोग कीरा रोकथाम तथा झारपात नियन्त्रणका लागि प्राविधिकको स्थलगत अवलोकन र कृषकका मागका आधारमा अधिकतम ७५% सम्म अनुदानमा रोग किरा नाशक विषादी वितरण गर्न सकिने छ।

**३.साना सिंचाई कार्यक्रमः**यस अन्तर्गतसार्वजनिक वा सामुदायिक कुलो निर्माण/मर्मत तथा सोलार पम्प जडानमा अनुदान उपलब्ध गराउन सकिने छ। यस्का साथै नवीन सिंचाई प्रविधि जस्तै थोपा सिंचाई,स्पिङ्कलर सिंचाई, सौर्य उर्जामा आधारित लिफ्ट सिंचाई आदि मा पनि अनुदान उपलब्ध गराउन सकिने छ।अनुदानको दायर यस कार्यविधिको परिच्छेद-२ को दफा ५ अनुसार हुनेछ।

**४. तालिमः** तालिम आवश्यकता पहिचानको आधारमा एवं नविनतम् प्रविधिहरुबारे कृषक एवं कृषि उद्यमीहरुको ज्ञान,सिप एवं क्षमता अभिवृद्धि हुने खालका तालिम स्थानीय तहको प्रचलित नियम अनुसार संचालन गर्न सकिनेछ। तालिममा विषय विज्ञ प्रशिक्षकका लागि नजिकको सरकारी फार्म, कृषि ज्ञान केन्द्र वा कृषि अनुसन्धान केन्द्रबाट प्रशिक्षकहरुलाई आमन्त्रण गर्न सकिनेछ। अनुदानको दायर यस कार्यविधिको परिच्छेद-२ को दफा ५ को उपदफा-ग अनुसार हुनेछ।

**५.कृषक अवलोकन भ्रमणः** सुनेको कुरा भन्दा देखेको कुराहरुमा बढी प्रभावकरी हुन्छ भन्ने मान्यतमा आधारित भएर अगुवा तथा वास्तविक किसानहरुलाई २ देखि ३ दिनको देश भित्र रहेका विभिन्न कृषि अनुसन्धान केन्द्र,सरकारी फार्म,नमुना कृषि फार्महरुमा अवलोकन भ्रमण गराउन सकिनेछ। यसका

लागि प्रत्येक वडावाट ८ जना सम्म कृषकहरुलाई  समावेश गर्नु पर्नेछ। अनुदानको दायर यस कार्यविधिको परिच्छेद-२ को दफा ५ को उपदफा-ग अनुसार हुनेछ।

**६.बाखा पालन कार्यक्रमः**पालिका भित्र कम्तिमा १० वटा माउ वा सो भन्दा बढी बाखा पालन गर्ने कृषकहरुलाई खोर/ गोठ निर्माणको लागी प्राबिधिक लागत अनुमानको अधिकतम ५० प्रतिशत रकम अनुदान प्रदान गर्न सकिनेछ।

**७. गाई भैसी पालन कार्यक्रमः(क)पशुपालक कृषकहरुलाई उत्पादन योग्य गाईभैसी वितरणः**बुलिङटार गाउँपालिकामा  दर्ता भएका कृषि समुह वा सहकारीमा आवद्ध कृषकहरुलाई व्यक्तिगत फर्म भएमा कम्तीमा ३ वटा र समुह वा सहकारी भएमा कम्तीमा ८ वटा गाईभैसी हुनु पर्नेछ र सोहि अनुसार विनियोजित वार्षिक कार्यक्रम वजेटको आधारमा बढीमा ७५ प्रतिशत अनुदानमा उत्पादन योग्य गाईभैसी वितरण गरिनेछ।

**(ख) राँगो तथा बहर हुर्काउन प्रोत्साहन सहयोगः** प्रजननको लागी १ वर्ष वा सो भन्दा बढि उमेर भएको कम्तीमा ५० प्रतिसतको उन्नत राँगो तथा बहर पालन गर्ने कृषकलाई आर्थिक वर्षमा एक पटक प्रति पशु रु. पाँच हजारको दरले प्रोत्साहन सहयोग प्रदान गरिनेछ। यसरी प्रोत्साहन दिईने पशुको विमा अनिवार्य भएको हुनुपर्नेछ र यो प्रोत्साहन रकम एक पशुको लागी वढिमा ३ वर्षको लागि प्रदान गर्न सकिनेछ।

**८. माछापालन र पोखरी निर्माण सहयोगः** कम्तीमा १ रोपनी क्षेत्रफलमा माछा पालन गर्ने किसानलाई पोखरी निर्माण गर्न प्रति रोपनी रु.१० हजार रकम अनुदान उपलब्ध गराइने छ। साथै माछाका भुरा ढुवानी वापत लाग्ने खर्चको ५०% खर्च उपलब्ध गराइने छ।

## परिच्छेद -४

## संशोधन तथा परिमार्जन

**(क)** बुलिङटार गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधिसंशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## परिच्छेद-५

## खारेजी तथा बचाउ

**(क)** यो कार्यविधि प्रचलित नेपाल कानुन ,प्रदेश कानुन र यस गाउँपालिका कानुन संग बाझिएमा बाझिएको हदसम्म खारेज वा संशोधन हुनेछ।

## अनुसुची–१

## ................... कार्यक्रमको अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति..........................

श्री  प्रमुख प्रशासकीय अधिकृतज्यू

बुलिङटार गाँउकार्यपालिकाको कार्यालय,

नवलपरासी (ब.सु.पु) गण्डकी प्रदेश ।

विषयः अनुदान उपलब्ध गराइ दिने बारे।

महोदय,

प्रस्तुत विषयमा यस बुलिङटार गाउँपालिकाको कार्यालयबाट मिति ......................... मा प्रकाशित सूचना बमोजिम यस बुलिङटार  गाउँपालिका वडा नं. .......... मा अवस्थित/बस्ने .................................... कृषक/फर्म/समूह/सहकारी/संस्था/कम्पनी ले .................................................................. कार्यक्रमको लागि अनुदान सहयोग उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु/गर्दछौ। प्रस्तवना सहित आवश्यक कागजात यसैसाथ पेश गरेको/गरेका छु/छौं।

निवेदकः<br>
नामः<br>
पदः<br>
हस्ताक्षरः<br>
सम्पर्क नं.<br>
संस्थाको छापः<br>
मितिः

पेश गरिएका कागजातहरुः

क) प्रस्तावकको निवेदन

ख) कार्यक्रम सञ्चालनको लागि तोकिएको ढाचाँमा प्रस्तावना

ग) स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि

घ) गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि

ङ) समुह/सहकारी/कृषि फर्मको नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि

च) समूह/सहकारी/समितिको हकमा प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि

छ) प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

ज) कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नको लागि  कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि

झ) सम्बन्धित वडा कार्यालयको कार्यक्रम दोहोरो नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोराको सिफारिस पत्र।

# अनुसुची-२

## सहकारी अनुदान माग फारम

सहकारीको नामः

ठेगानाः

विवरणको अवधि...............देखि.................सम्म

| क्र.सं. | विक्रि मिति | कृषकको नाम | समूहको नाम | विक्रि उपज/खेती गरिएको जग्गको क्षेत्रफल वा अनुदान पाउने उपजको नाम | सो को उत्पादन विक्रि तथा समेटिएको क्षेत्रफलको विवरण | अनुदान रकम प्रति ईकाई वा प्रति गोटा | जम्मा अनुदान रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-३

## अनुदान वितारन कार्यक्रमका लाभग्राही छनौट मूल्यांकन मापदण्डः

| क.स | सूचकाङ्क आधार | पूर्णाङ्क | प्रासाङ्क |
|---|---|---|---|
| अ. | प्रमुख मापदण्ड (६५) | | |
| १. | कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्वित (समुह/सहकारी/संस्था/समिति/फर्म आदि) | १० | |
| २. | प्रस्तावित कार्यले समेटने क्षेत्रफल/संख्या | १० | |
| ३. | सामाजिक एवं लैङ्गिक सहभागिता (महिल,पुरुष,दलित आदि) | १० | |
| ४. | प्रस्तावित कार्यले उत्पदनवृद्धि,प्रशोधन र बजारीकरणमा पुग्ने सहयोग | १५ | |
| ५. | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | १० | |
| ६. | प्रस्तावित बाली/बस्तुको भौगोलिक एवं प्राविधिक उपयुक्तता | १० | |
| आ. | **सहायक मापदण्ड (३५)** | | |
| १. | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पुरा भएको | ५ | |
| २. | समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएका(समुह/सहकारी/संस्था/समिति/फर्म आदि) | ५ | |
| ३. | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिमाण र प्रतिवद्धता | ५ | |
| ४. | प्रस्तावित बाहेक परियोजनावाट लाभान्वित हुन सक्ने अन्य (सहायक) लाभान्वित वर्गहरु | ५ | |
| ५. | प्रस्तावित कार्यको सृजनात्मकता एवम्नविनता | ५ | |
| ६. | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ | |
| ७. | प्रस्तावित कार्य कृषकको माग एवं आवश्यकता अनुरुप रहे/नरहेको | ५ | |

नोटः कार्यक्रमको प्राकृतिक अनुरुप प्राविधिक समितिले मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवंम् सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ।

# अनुसूची-४

| क.स. | चेक लिस्ट | मापदण्ड पूरा गरेको | | |
|---|---|---|---|---|
| | | छ | छैन | सूचना छैन |
| १. | उदेश्य तथा अपेक्षित प्रतिफल (परिमाण र प्रतिफल ) उल्लेख भएको छ ? | | | |
| २. | तोकिएको भौगोलिक क्षेत्रका लागि उपयुक्त छ ? | | | |
| ३. | आर्थिक रुपमा सबल छ ? लागत भन्दा लाभ बढी छ, छैन ? | | | |
| ४. | समूह संस्थाले व्यवस्थापन गर्न सक्ने प्रकृतिको छ, छैन ? दक्ष जनशक्तीको प्राप्त मात्रामा संलग्न छ, छैन ? | | | |
| ५. | प्रस्तावित क्रियाकलापहरु अपेक्षित प्रतिफल प्राप्त गर्न प्रर्याप्त छन ? | | | |
| ६. | प्रस्तावित क्रियाकलापहरु उल्लेखित बजेट सिमा भित्र प्राप्त गर्न सकिने प्रकृतिका छन ? | | | |
| ७. | प्रस्तावित क्रियाकलापहरु तोकिएको समयसिमा भित्र सम्पन्न गर्न सकिन्छ ? | | | |
| ८. | क्रियाकलाप सञ्चालन कार्ययोजनाले संलग्न सबैका बाडिएको भूमिका प्रष्ट पारेको छ ? | | | |
| ९. | अन्य स्रोतबाट पनि बजेट विनियोजन भई दोहोरोपना नभएको बारे प्रष्ट पारेको छ ? | | | |
| १०. | क्रियाकलाप सञ्चालनमा आधारभूत स्रोत प्राप्त गर्न सक्ने प्रर्याप्त सम्भावना रहेको छ ? | | | |
| ११. | के प्रस्तावित कार्यक्रमले कुनै पनि सार्वजनिक स्थान जस्तै धार्मिक स्थान सार्वजनिक घर खानेपानीको मुहान, चौतारा आदिलाई प्रतिस्थापन गर्ने अवस्था छ ? | | | |
| १२. | कुनै पनि  अन्य गरिव, दलित र सिमान्तकृत समुदायको जीविकोपार्जनमा कुनै किसिमको नकारात्मक असर पर्ने सम्भावना रहेको छ ? | | | |

| | | | | |
|---|---|---|---|---|
| १३. | के प्रस्तावित कार्यक्रमले महिलाहरुको कार्यबोझ थप गर्न सम्भावना रहेको छ ? | | | |
| १४. | कार्यन्वयनका कारणले समुदाय समुदाय बिच बिबाद आउने सम्भावना रहेको छ ? | | | |
| १५. | अरुले आर्जन गरेको सम्पति उसको ईच्छाले बाहेक क्षति गर्ने कारण हुने सम्भावना रहेको छ ? | | | |
| १६. | पहिचान भएका सामाजिक वातावरणमा नकारात्मक असर न्यूनीकरण गर्न सामाजिक व्यवस्थापन योजना बनाएको छ ? | | | |
| १७. | अन्य कैफियत यदि केही भएमाः | | | |

**स्थलगत निरीक्षण पश्चातको निर्णयः**

| निर्णय | चिन्ह (      ) लगाउनुहोस |
|---|---|
| अहिलेकै अवस्थामा कार्यान्वयन गर्न उपयुक्त छ? | |
| वातावरणीय प्रमाणिकरण मापदण्डमा सफल भए अहिलेकै अवस्थामा कार्यान्वयन गर्न उपयुक्त छ? | |
| कार्यान्वयन गर्न उपयुक्त छैन? | |

कार्यान्वयन गर्न उपयुक्त छैन भने के कारणले छैन, कारण दिनुहोला?

..............................................................................................................

कार्यक्रमको तुलनात्मक चित्र रेखा (नमूना)

निवेदनको सूचना नं. ..........

| | प्रस्ताव पेश गर्ने | प्रासङ्क | जम्मा प्रासङ्क(१००) | कैफियत | |
|---|---|---|---|---|---|

| क्र.स. | | प्रमुख मापदण्ड (६५) | सहायक मापदण्ड (३५) | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः कोष्ठको अङ्कले अधिक्तम अङ्क जनाउँछ।

प्राविधिक समितिका सदस्यहरूको नाम र दस्तखतः

| क्र.स. | नाम | दस्तखत |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

आमन्त्रित सदस्यः

प्रर्यवेक्षकः

मितिः

## अनुसूचि - ५
## आयोजना सूचना पाटीको नमूना

१. आयोजनाको नामः

२. आयोजना संचालन गर्ने कार्यालयको नामः

३. समूह/सहकारी/फर्मको अध्यक्ष वा सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं.

४. आयोजनाको कुल लागत रकमः रू.

क. आयोजनामा कार्यालयबाट (प्रथम पक्षले) व्यहोर्ने लागत रकमः रू.

ख. जनसहभागिताबाट (दोस्रो पक्षले) व्यहोर्ने रकमः रू.

ग. आयोजनामा लागानी गर्ने अन्य निकायको नाम र व्यहोर्ने लागत रकमः रू.

५. आयोजना सम्झौता मितिः

६. आयोजना सम्पन्न हुने मितिः

७. आयोजनाबाट लाभान्वित जनसंख्याः

८. आयोजनाका प्रमूख कार्यहरु वा प्रमूख संरचनाको परिमाण वा संख्याः

## अनुसूचि-६

## सम्झौता पत्र

मितिः

यस बुलिङटारगाँउपालिकाकोविशेष अनुदान निर्देशक समितिको ...........गते बसेको बैठकको निर्णय अनुसार बुलिङटार गाँउपालिकाको कृषि अनुदान अन्तर्गतको........................... कार्यक्रमको लागि .........................................(यस पछि दोश्रो पक्ष भनिने)र बुलिङटार गाँउपालिका (यस पछि प्रथम पक्ष भनिने) बीच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता -पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

**१) सम्झौता गर्ने पक्ष र कार्यक्रम**

क) ..............................................................कार्यक्रम बाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधिः

१) नामः ................

२) प्रतिनिधित्व गर्ने समूहको नामः.................

३) ठेगानाः.................................

ख) कार्यक्रमस्थलको विवरण

१) गाउँपालिकाः बुलिङटारगाँउपालिकावडा नं ........,गाउँ/टोल.....................

ग) कार्यक्रम कार्यान्वयन अवधि

१) शुरु हुने मितिः

२) सम्पन्न हुने मितिः

**२) बुलिङटार गाँउपालिकाको विशेष अनुदान अन्तर्गत सञ्चालन हुने क्रियाकलाप सम्बन्धी विवरणः**

क) कार्यक्रमको नामः

ख) कार्यक्रमको किसिमः

ग) यस सम्झौताको कुल लागत रू. ................।(अक्षेरूपी .....................................................................) हुनेछ । जस मध्ये प्रथम पक्षले भुक्तानी

गर्ने रकम रू. ................(अक्षेरूपी ......................................................................)
र अनुदानग्राहीले व्यहोर्ने रकम रू. ................(अक्षेरूपी
................................................................) हुनेछ।

**३) सम्झौताका शर्तहरुः**

३.१ सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिदेखि यो सम्झौताप्रारम्भ भएको मानिनेछ।

३.२ दोश्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि तत्काल काम शुरु गर्नु पर्नेछ।

३.३ दोश्रो पक्षले यस अनुदान सञ्चालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको नगद वा अन्य किसिमले सहभागिताको सुनिश्चित आफैले गर्नु पर्नेछ र प्रथम पक्षबाट कुनै पेश्की रकम उपलब्ध गराइने छैन्।

३.४ दोश्रो पक्षले यसै अनुदान को लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग,अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा बुलिङटार गाँउपालिकाको अनुदान समितिलाई जानकारी गराउनु पर्नेछ।

३.५ दोश्रो पक्षले अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्दा बुलिङटार गाँउपालिकाको अनुदान समितिलाई वा सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ।

३.६ दोश्रो पक्षले अनुदान अन्तर्गत सञ्चालन भएको क्रियाकलापहरुको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गरी वा गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठक निर्णयबाट अनुमोदन गराए पश्चात मात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिइनेछ। यसरी भुक्तानी पाउन दोश्रो पक्षले अनिवार्यरुपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको काम सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।

३.७ यस बुलिङटार गाँउपालिकाको अनुदानको निर्माण वा मेशनरी उपकरण खरिद कार्य सम्झौतापत्रमा तोकिएको अवधि भित्र सम्पन्न गर्नुपर्नेछ।

३.८ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोश्रो पक्षबाट प्राप्त भए पश्चात रु ...........। (अक्षरुपी.............................) मा नबढ्ने गरी नियमानुसारको कन्टेन्जेन्सी र १.५ प्रतिशत अग्रिम कर कट्टा गरी दोश्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ वा सम्झौता बमोजिमको पूर्वाधार निर्माणका लागि सामग्री आपूर्तिकर्ता वा मेशनरी उपकरण

आपूर्तिकर्तालाई सोझै भुक्तानी दिन सक्ने छ। दोश्रो पक्षले भुक्तानी पाउन अनिवार्यरुपमा विल भरपाई पेश गर्नु पर्नेछ।

३.९ दोश्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धितश्री..............................कृषि फर्म/कृषक समूह/सहकारी संस्था वा उपभोक्ता समितिकोहुनेछ।

३.१० दोश्रो पक्षले यो सम्झौता बमोजिमको सम्पूर्ण कामकारवाही (व्यवसायिक योजना, डिजाईन, इष्टिमेट अनुसार) सम्पन्न गरी कामसञ्चालनमा ल्याउनु पर्नेछ।

३.११ दोश्रो पक्षले अनुदानको निर्माण कार्यमा लागेको खर्च विवरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिनिधि र अन्य सरोकारवालाहरुको उपस्थितिमा गराउनु पर्नेछ।

३.१२ दोश्रो पक्षले अनुदानको निर्माण कार्य शुरु गर्नु भन्दा पूर्व, निर्माण कार्य सञ्चालन हुदै गरेको र कामसम्पन्न भैसकेपछिको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने बिल भर्पाइका साथमा अनिवार्यरुपमा संलग्न गर्नु पर्नेछ।

३.१३ दोश्रो पक्षले कृषिउत्पादन सहयोगका लागि लिइएको अनुदान रकमबाटनिर्माण वा मेशनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा हेलचक्र्याईंको कारणबाटनिर्माण गरिएको पूर्वाधारहरु वा मेशनरी उपकरणहरुको हानी नोक्सानी भएमा प्रचलित नियम कानून बमोजिम दिइएको अनुदान रकम दोश्रो पक्षबाट असुल उपर गरिनेछ।

३.१४ बुलिङटार गाँउपालिकाको अनुदान समितिबाट निरीक्षणमा जाने प्राविधिकलाई निरीक्षण तथा अनुगमनमा दोश्रो पक्षले अनिवार्यरुपमा आवश्यक सहयोग गर्नुपर्नेछ।

३.१५ काम सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य दोश्रो पक्ष आफैंले गर्नु पर्नेछ।

४.१६ निर्माण कार्य अथवा यस सम्बन्धी दोश्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा बुलिङटार गाँउपालिकाको विषेश अनुदान निर्देशन समिति को निर्णय अन्तिम हुनेछ।

४.१७यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ

४.१८ दोश्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन।

४.१९ सम्झौताको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रचलित कानून अनुसार हुनेछ।

४.२० स्थानीय आवश्यकता अनुसार दुबै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिने छ।

४.२१ अन्य कुनै वुँदामा थपघट गर्नु परेमा दुबै पक्षको आपसी समझदारीमा गरिने छ।

४.२२ संलग्न फारामहरु

क) अनुदानको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

ख) अनुदानबाट प्रत्यक्ष लाभान्वित हुने समूह वा कृषकहरुको नामावली विवरण

उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनि दस्तखत गर्नुहोस्

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः<br>पदः<br>दस्तखतः.........................<br>मितिः | कृषक समूहबाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधिको<br>नामः<br>कृषक समूहको नामः<br>ठेगानाः<br>दस्तखतः<br>संस्था वा समूहको छापः |

## अनुसूचि-७

## कृषि शाखाबाट सम्पादन हुने कार्यहरु

| क्र. स. | विवरण | कैफियत |
|---|---|---|
| १. | कृषक समूह/फर्म गठन तथा नविकरण | प्रचलित नर्म्स तथा निर्देशिका अनुसार |
| २. | रासायनिक कृषि शाखाबाट सम्पादन हुने कार्यहरु मलको खुद्रा विक्रेता दर्ता तथा नविकरण तथा अनुदानको रसायनिक मल विक्रेताको सिफारिस | प्रचलित कानुन अनुसार |

| | | |
|---|---|---|
| ३. | गाउँपालिकाभित्रका कृषि र र एकिकृत कृषि, पशुपालन र पंक्षी फर्म फर्मको सूचि दर्ता | गाउँपालिकाभित्र दर्ता भएका कृपि र एकिकृत कृषि, पशुपालन र पंक्षी फर्म |
| ४. | कृषि विकास कार्यक्रम संचालन, अनुगमन, मुल्याङ्कन र पृष्ठपोषण | कार्यविधि, मापदण्ड तथा आवश्यकता अनुसार |
| ५. | कृषिसंग सम्बन्धित प्रदेश तथा संघीय कार्यक्रम संचालन | प्रदेश तथा संघिय कार्यविधि अनुसार |
| ६. | कृषिसंग सम्बन्धित ईन्टन/OJTपरिचालन | विद्यालयकको पत्र तथा गाउँपालिकाको आवश्यकता/ निर्यण अनसार |
| ७. | हाटबजार दर्ता | नियमानुसार |
| ८. | बजार अनुगमन | आवश्यकता अनुसार |
| ९. | कृषकलाई प्राविधिक सेवा | कार्यलय समयभित्र निशुल्क |
| १०. | कृषि क्षेत्रका विभिन्न सिफारिस (बालीको क्षति, वन्यजन्तुको क्षति, रोग किराको क्षति, बाढी डुवान आदि।) | निशुल्क |
| ११. | बाली बिमामा सहजीकरण र क्षतिको सिफारिस | निशुल्क |
| १२. | कृषि प्रसार कार्यक्रम संचालन | |
| १३. | कृषिसंग सम्बन्धित प्रदेश र संघसंगको समन्वय | |
| १४. | स्वीकृत कृषि विकास कार्यक्रमको प्रतिवेदन तयार र प्रेषण | |
| १५. | कृषि तथ्याङ्क अधावधिक तथा प्रकाशन | |
| १६. | अन्य | गाउँपालिकाको आवश्यकता अनुसार |

## अनुसूचि-८

**मितिः-**

# कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

यस बुलिङटार गाउँपालिका, नवलपरासी (ब.सु.पू.) को आ.व. ..................... को विशेष अनुदानको स्वीकृत कार्यक्रम अनुसार तपसिल कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक कृषक/फर्म/समूह/सहकारीले यस सूचना प्रकाशन भएको मितिले १५दिन (.................... गते) कार्यलय समयभित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी बुलिङटार गाँउपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | कार्यक्रमको नाम | कुल आधिक्तम अनुदान सहयोग | साझेदार | बजेट रु (हजारमा) | मापदण्ड |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

**आवश्यक कागजातहरु**

१) प्रस्तावकको निवेदन

२) कार्यक्रम सञ्चालनको लागि तोकिएको ढाचाँमा प्रस्तावना ।

३) स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि ।

४) गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

५) समुह/सहकारी/कृषि फर्मको नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि ।

६)समुह/सहकारी/समितिको हकमा प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

७) प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

८) कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नको लागि कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि।

९) सम्वन्धित वडा कार्यलयको कार्यक्रम दोहोरो नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोराको सिफारिस पत्र

..........................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि-९

## प्रस्तावनाको ढाँचा

**१.पृष्टभूमिः** खेती गरिने स्थान,क्षेत्रफल,मुख्य वालीहरु,अनुभव, आदि

**२.समस्याको पहिचानः** प्रस्ताव पेश गर्नुपर्ने मुख्य समस्या केके हुन,बुदाँगत रुपमा

**३.प्रमुख उद्देश्यः**एक बृहत उद्देश्य सहित बढिमा पाँच निर्दिष्ट उद्देश्य लेख्ने

**४.आयोजनामा प्रस्तावित मुख्य कृयाकलापहरुः**

**५.अनुमानित लगानीः**

| क्र.स. | विवरण | ईकाइ | परिमाण | प्रति ईकाइ मूल्य | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

**६.रोजगारी श्रृजनाः**पूर्णकालीन रोजगारी संख्या, मौसमी रोजगारी संख्या,

**७.कार्यक्रम पूर्ण र पश्चात अनुमानित आम्दानीः**

| क्र.स. | आम्दनी विवरण | कार्यक्रम संचालन नगरिदै | कार्यक्रम संचालन पश्चात अनुमानित | फरक/कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**८.अपेक्षित उपलब्धिहरुः**

आज्ञाले,

बिशाल मिश्रा

प्रमुख प्रशासकीय अधिकृत